धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३४८ ◆ २०८३ असार २० गते शनिबार, Saturday, July 4, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## ३६ लाख मूल्यका भन्सार छलीका सामान बरामद

मोरङ । सशस्त्र प्रहरी बल नेपालले मोरङका विभिन्न स्थानबाट रु ३६ लाख नौ हजार बराबरका भन्सार छलीका सामान बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. ३ गण मुख्यालय कंकालिनी मोरङबाट खटिएको गस्ती टोलीले विशेष सूचनाका आधारमा विराटनगर महानगरपालिका-१ बरगाछी क्षेत्रमा सडक छेउमा लोड गर्न तयारी अवस्थामा राखिएको रु ३० लाख ८४ हजार बराबरको मल्टिभिटामिन औषधि बरामद गरेको जनाएको छ ।

मोरङको दरैया र मटेरुवा क्षेत्रबाट भारतबाट भन्सार छली गरी ल्याईंदै गरेको दुई वटा सिटी सफारीमा लोड गरिएको भारतीय वनस्पति घ्यू र २० प्याकेट पुटिन बरामद गरिएको छ ।

सवारीसाधनसहित बरामद गरिएको उक्त सामानको मूल्य रु पाँच लाख २५ हजार रहेको सशस्त्र प्रहरीले जनाएको छ । बरामद गरिएका सबै सामान आवश्यक कारबाहीका लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ ।

## हेलिकप्टरबाट यात्रु र सवारी खोजी गर्न निर्देशन

कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले दैलेखको चामुण्डा विद्रासैनीस्थित कर्णाली राजमार्गबाट बिहीबार नदीमा खसेर बेपत्ता भएको गाडी तथा यात्रुको हेलिकप्टरबाट खोजी गर्न निर्देशन दिनुभएको छ ।

मुख्यमन्त्री कँडेलले शुक्रबार कर्णाली प्रदेशमा रहेका चारवटै सुरक्षा निकायका प्रमुखसँग खोजी तथा उद्धारबारे जानकारी लिँदै उपलब्ध सबै साधनस्रोत परिचालन गर्ने गरी खोजीलाई तीव्र बनाउन आग्रह गर्नुभएको हो । छलफलमा उहाँले अहिलेसम्म सुरक्षा निकायहरुबाट खोजी तथा उद्धारमा भइरहेको कामको प्रशंसा गर्दै आवश्यकता अनुसार हेलिकप्टरबाट परिचालन गर्न निर्देशन दिनुभयो ।

उहाँले दैलेखदेखि भारतको सीमासम्म खोजीको दायरा विस्तार गर्न निर्देशन दिनुभयो । छलफलमा सशस्त्र प्रहरी बल नेपाल नं.६ बाहिनी मुख्यायलय सुर्खेतका प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक कृष्णराज पाठकले घटना स्थलमा गोताखोर परिचालन गरिएको र थप जनशक्ति कुरिनटारबाट हिँडिसकेको जानकारी दिनुभयो । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख एवं प्रहरी नायब महानिरीक्षक जयराज सापकोटाले जलसतह बढेको, धमिलो पानी तथा भौगोलिक कठिनाइका कारण खोजी कार्यमा चुनौती थपिएको बताउनुभयो । सबै सुरक्षा निकायको सामूहिक प्रयासबाट उपलब्ध सम्पूर्ण जनशक्ति र स्रोतसाधन परिचालन गरी खोजी जारी राखिएको उहाँको भनाइ थियो । उहाँका अनुसार नेपाली सेनासमेत खोजीमा परिचालन भएको र ड्रोन क्यामेराबाट सम्भावित स्थानहरुमा खोजी सुरु भएको छ ।

दैलेखको चामुण्डाविन्द्रासैनी नगरपालिका-७ साङ्गेताडास्थित कर्णाली राजमार्गमा सुर्खेतबाट कालिकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको गाडी बिहीबार ११:३० बजे सडकबाट करिब ४०० मिटर तल कर्णाली नदीमा खसेर बेपत्ता भएको थियो । दुर्घटनापछि अचेत अवस्थामा भीरमा अड्केका पचालझरना गाउँपालिका-९ कालिकोटका ५४ वर्षीय जेखे तिरुवालाई उद्धार गरी उपचारका लागि अस्पताल लिँदै गर्दा मृत्यु भएको प्रहरीले जनाएको छ । गाडीमा सवार यकीन नभएका अन्य यात्रुहरुको अवस्था अज्ञात रहेको जनाइएको छ ।

## बर्डफ्लु सङ्क्रमणबाट सचेत र सुरक्षित हुन आग्रह

काठमाडौँ । काठमाडौँ उपत्यकासहित देशभर एक सय स्थानमा बर्डफ्लुको सङ्क्रमण फैलिएपछि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सबैलाई सचेत रहन आग्रह गरेको छ । मन्त्रालयले बर्डफ्लु सङ्क्रमणबाट बच्न आवश्यक सतर्कता अपनाउँदै सुरक्षित रहन सबैलाई आग्रह गरेको हो ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले काठमाडौँ उपत्यका सहित मुलुकका एक सय स्थानमा बर्डफ्लु फैलिएको भन्दै आवश्यक सतर्कता अपनाउन सबैलाई आग्रह गर्नुभयो । उहाँका अनुसार सङ्क्रमित, बिरामी वा मरेका पन्छीसँग प्रत्यक्ष सम्पर्क हुनेगरी काम/गतिविधि नगर्न सरोकार भएका सबैलाई आग्रह गरिएको छ ।

त्यस्तै पन्छीको मासु र अण्डा राम्रोसँग पकाएर मात्र खान, मृत पन्छी देखिएमा नजिकको पशु सेवा निकायमा जानकारी गराउन पनि मन्त्रालयले आग्रह गरेको छ । पशु सेवा विभागका अनुसार अहिलेसम्म ११ जिल्लाका एक सय स्थानमा बर्डफ्लुको सङ्क्रमण देखिएको छ ।

"बर्डफ्लु पन्छीमा लाग्ने इन्फ्लुएन्जा भाइरसबाट हुने सङ्क्रामक रोग हो । कहिलेकाहीं सङ्क्रमित पन्छीसँग प्रत्यक्ष सम्पर्कमा आएका मानिसमा पनि यसको सङ्क्रमण सर्न सक्छ । तर व्यक्ति-व्यक्तिबीच सजिलै यो रोग सर्दैन", डा अधिकारीले भन्नुभयो ।

### कसरी सर्छ मानिसमा ?

सङ्क्रमित पन्छीलाई छुँदा वा समात्दा, पन्छीको दिसा, सिगानसँग सम्पर्क हुँदा, सङ्क्रमित पन्छी राख्ने स्थान सफा गर्दा र मरेको पन्छीको मासु खाँदा बर्डफ्लु मानिसमा सर्ने डा अधिकारीले जानकारी दिनुभयो ।

ज्वरो आउनु, खोकी लाग्ने, घाँटी दुख्ने, श्वास फेर्न गाह्रो हुने, शरीर तथा मासपंशी दुख्ने, अत्यधिक थकान महसुस हुने, वाकवाकी लाग्ने, वान्ता हुने वा पखाला लाग्नेजस्ता लक्षण देखिने गर्दछन् । मन्त्रालयले बर्डफ्लु सङ्क्रमणबाट बच्न आवश्यक सतर्कता अपनाउँदै सुरक्षित रहन सबैलाई आग्रह गरेको हो ।

## शिक्षाको गुणस्तर सुधार गरी दक्ष जनशक्ति उत्पादन गरिने

*प्रत्यूष समाचारदाता*



काठमाडौँ । काठमाडौँ महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर सुधार गरेर दक्ष जनशक्ति उत्पादन गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

कामपा शिक्षा विभागद्वारा शुक्रबार आयोजित 'शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसइई)मा उत्कृष्ट नतिजा हासिल गर्ने सामुदायिक विद्यालय, विद्यार्थी र शिक्षकलाई सम्मान' कार्यक्रममा उहाँले गुणस्तर सुधारका लागि कामपाले पूर्वाधार विकास, जनशक्ति तथा मानव स्रोत व्यवस्थापनमा लगानी बढाइएको स्पष्ट पार्नुभयो । प्रमुख डङ्गोलले भन्नुभयो, "बालबालिकामा भएको अन्तरनिहित क्षमता चिनाउने शिक्षकहरूको गुण र योगदान अतुलनीय छ । 'म योग्य छु र ?', 'म गर्न सक्छु र ?' भन्ने विद्यार्थीको भावलाई 'तिमी योग्य छौं', 'तिमी गर्न सक्छौं' भनेर अनुभूति गराउनु, जीवनप्रति प्रोत्साहित गराउनु शिक्षकको योगदान हो ।" उहाँले यो महत्त्वपूर्ण जिम्मेवारीमा रहनुभएका शिक्षकलाई मर्यादित पेसा प्रदान गर्न कामपा सदैव तत्पर रहेको बताउनुभयो । उत्कृष्ट नतिजा ल्याउनेलाई सम्मान गर्ने कार्यक्रम २०७९ सालदेखि रोकिएको बताउँदै यस वर्षदेखि पुनः निरन्तरता दिइएको शिक्षा विभागका प्रमुख नमराज ढकालले उल्लेख गर्नुभयो । "आगामी वर्षदेखि कक्षा १२ सम्म अध्यापन हुने विद्यालय, शिक्षक र विद्यार्थीलाई पुरस्कार र सम्मानमा जोड्ने तयारीमा छौँ", उहाँले भन्नुभयो ।

यस वर्ष (२०८२) को एसइईमा कामपाको सामुदायिक विद्यालयबाट चार जिपिए प्राप्त गर्ने २९ जना विद्यार्थीलाई जनही रु २५ हजारसहित सम्मानित गरिएको विभागका प्रमुख ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार एसइई परीक्षामा शतप्रतिशत विद्यार्थीलाई ग्रेडेड गर्ने बालसेवा माध्यमिक विद्यालय (भ्रोंछें), बाल व्यावसायी केन्द्र माध्यमिक विद्यालय (सिफल), श्रम राष्ट्रिय माध्यमिक विद्यालय (कुमारीगाल) र केन्द्रीय बहिरा माध्यमिक विद्यालय (नक्साल)लाई नगद रु २५ हजारसहित पुरस्कृत गरिएको हो । एसइईमा उत्कृष्ट नतिजा प्राप्त गर्न योगदान पुर्याउने विषयगत शिक्षक सम्मान अन्तर्गत अनिवार्य विषयका पाँच र ऐच्छिक विषयका चार जनालाई जनही रु २५ हजारसहित पुरस्कृत गरिएको छ । कार्यक्रममा यस वर्षको एसइईमा सबैभन्दा बढी औसत स्तरीकृत अङ्क प्राप्त गर्ने तीन सामुदायिक र तीनवटा संस्थागत विद्यालयलाई पनि सम्मान गरिएको थियो । सामुदायिकतर्फ समान ३.२९ अङ्क प्राप्त गर्ने ज्ञानोदय माध्यमिक विद्यालय र तरुण माध्यमिक विद्यालय तथा ३.२३ अङ्क प्राप्त गर्ने विश्व निकेतन माध्यमिक विद्यालयलाई क्रमशः रु एक लाख, रु ७५ हजार र रु ५० हजार पुरस्कार प्रदान गरिएको विभागका प्रमुख ढकालले जानकारी दिनुभयो ।

बाल सेवा माविका प्रधानाध्यापक मञ्जु पाठकले कामपाबाट प्राप्त सम्मानले आफूहरूलाई शैक्षिक क्रियाकलापप्रति थप जिम्मेवार र उत्साहित बनाएको भन्दै विद्यालयको खुसीमा कामपाको पनि प्रतिष्ठा जोडिएको उल्लेख गर्नुभयो ।

## जगदुल्ला जलविद्युत् आयोजनाको सुरुङ निर्माण सुरु

*प्रत्यूष समाचारदाता*

काठमाडौँ । डोल्पा जिल्लामा निर्माणाधीन १०६ मेगावाट क्षमताको जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको मुख्य सुरुङ निर्माण कार्य औपचारिक रूपमा सुरु भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले शुक्रबार मुड्केचुला गाउँपालिका-४ इलामा आयोजित कार्यक्रमका बीच सुरुङ निर्माणको शुभारम्भ गर्नुभयो ।

सो अवसरमा उहाँले केन्द्र, प्रदेश र स्थानीय तहको संयुक्त स्वामित्वमा अघि बढेको यो आयोजना डोल्पा र समग्र कर्णाली प्रदेशको आर्थिक समृद्धिका लागि 'कोशेढुङ्गा' सावित हुने बताउनुभयो । उहाँले आयोजना निर्धारित समयमै सम्पन्न गर्न तीनै तहका सरकार, स्थानीय समुदाय र सरोकार वालाबीच सहकार्य आवश्यक रहेको बताउनुभयो ।

मन्त्रालयकी सचिव सरिता दवाडीले स्थानीय समुदायको सकारात्मक सहयोगले आयोजना अघि बढाउन सहज भएको बताउँदै निर्धारित समयमै काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटाले आयोजना 'जनताको जलविद्युत् कार्यक्रम' अन्तर्गत स्वदेशी लगानी र स्थानीय सहभागिताको नमूना परियोजना भएको बताउनुभयो । कम्पनीले १०६ मेगावाटको जगदुल्ला र १२४.३५ मेगावाटको जगदुल्ला-ए गरी कुल २३०.३५ मेगावाट क्षमताका दुई आयोजना विकास गरिरहेको उहाँको भनाइ थियो । आयोजनाले विद्युत् उत्पादन मात्र नभई कर्णाली र डोल्पाको भौतिक पूर्वाधारमा समेत ठूलो परिवर्तन ल्याएको छ । कम्पनीले भेरी नदीमा १०० मिटर लामो पक्की पुल र त्रिवेणी-मुड्केचुला खण्डमा १० वटा बेली ब्रिज निर्माण गरिसकेको छ ।

आयोजना सञ्चालनमा आएपछि सङ्घीय सरकारले वार्षिक करिब रु१९ करोड ५० लाख तथा कर्णाली प्रदेश र स्थानीय तहले जनही रु नौ करोड ५० लाख 'रोयल्टी' प्राप्त गर्ने अनुमान गरिएको छ ।

यस परियोजनामा सरकारी निकाय, प्रदेश सरकार र स्थानीय तहको ५१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत शेयर रहेनछ ।

## नवनिर्मित जालपादेवी मन्दिरमा क्षमा पूजासहित गर्भगृहमा मूर्ति राखियो

सुदूरपश्चिम । कैलालीको मोहन्याल गाउँपालिका-७ राजकाँडास्थित नवनिर्मित जालपादेवी मन्दिरमा विशेष क्षमा पूजाअर्चना गरी गर्भगृहमा देवीको मूर्ति राखिएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घका निवर्तमान अध्यक्ष तथा जालपादेवी केबलकार प्रालिका अध्यक्ष चन्द्रप्रसाद ढकालले शुक्रबार बिहान मन्दिरमा आयोजित विशेष धार्मिक अनुष्ठानबीच गर्भगृहमा मूर्ति स्थापना गर्नुभएको हो ।

त्यस अवसरमा अध्यक्ष ढकालले त्यहाँ रहेको पुरानो मन्दिरबाट नवनिर्मित अत्याधुनिक मन्दिरमा धार्मिक विधिअनुसार शङ्खघण्टसहित मूर्ति स्थापना गरिएको र केबलकारको माथिल्लो स्टेशन र बटम स्टेशनमा निर्माण हुने भौतिक संरचना पनि द्रुतगतिमा निर्माण भइरहेको जानकारी दिनुभयो । "हामीले करिब १२ महिना पहिले यस जालपादेवी केबलकार आयोजनाको निर्माण सुरु गरेका थियौं । निजी क्षेत्रले निर्माण गर्ने आयोजनाहरू निर्धारित समय, लागत र गुणस्तरमा नै पूरा गर्ने क्षमता प्रमाणित गर्दै आएका छौँ", उहाँले भन्नुभयो, "धार्मिक आस्थाको केन्द्र मानिएको मन्दिरमा मूर्तिको पदस्थापना गरिएसँगै यो आयोजना पनि हामी निर्धारित समयमै सञ्चालनमा ल्याउँदैछौं ।"

अध्यक्ष ढकालले नेपालको बहुआयामिक आर्थिक रूपान्तरणका लागि पर्यटन पूर्वाधारमा लगानी विस्तार गर्नु अनिवार्य रहेको बताउनुभयो । पर्यटन पूर्वाधारमा लगानी बढाउन सकेमात्र पर्यटकको बसाइ लम्ब्याउन, विदेशी मुद्रा आर्जन गर्न र रोजगारी सृजना गर्न सकिने उहाँको भनाइ थियो । देशका सातै प्रदेशमा यस्ता ठूला पर्यटकीय पूर्वाधार निर्माण गर्ने आफ्नो दीर्घकालीन लक्ष्य रहेको उहाँले स्पष्ट पार्नुभयो । यो परियोजना आइएमई समूहको मुख्य लगानीमा निर्माण भइहेको छ । कैलालीको लम्कीचुहा नगरपालिका-३ स्थित चिसापानी (तल्लो स्टेशन) देखि मोहन्याल गाउँपालिका-७ राजकाँडा (माथिल्लो स्टेशन)सम्म तीन दशमलव एक किलोमिटर लामो केबलकार, तल्लो स्टेशनमा पाँचतारे होटल, क्यासिनो र ब्याङ्क्वेट हललगायत अन्य संरचनाहरू निर्माण भइरहेका छन् भने माथिल्लो स्टेशनमा रिसोर्ट, मन्दिर, स्काई वाक, वाकिङ ट्रेल (पदमार्ग), रेष्टुरेन्ट तथा बाल उद्यानलगायतका पर्यटकीय पूर्वाधार निर्माण भइरहेका आयोजनाका इन्जिनियर विजय पौडेलले जानकारी दिनुभयो ।

"जालपादेवी केबलकार आयोजना अब अन्तिम निर्माण चरणमा पुगेको छ र आगामी दुई महिनाभित्र व्यावसायिक सञ्चालनमा ल्याउने लक्ष्यका साथ काम तीव्रगतिमा अघि बढिरहेको छ ।"

## सम्पादकीय ....

### सिकाइ जरुरी

लोकतान्त्रिक शासनव्यवस्थाको सफलताको प्रमुख आधारमध्ये स्वतन्त्र, निष्पक्ष, जिम्मेवार र व्यावसायिक पत्रकारिता पनि एक हो । लोकतन्त्रमा राज्यका तीन अङ्गसँगै सञ्चारक्षेत्रलाई चौथो अङ्गका रूपमा लिइन्छ । यसको कारण सञ्चारक्षेत्रले सरकारका गतिविधिलाई नागरिकसमक्ष पुर्‍याउने, नागरिकका आवाजलाई सरकारसम्म पुर्‍याउने तथा जनउत्तर- दायित्व र सुशासन प्रवर्धन गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । पत्रकारिताले समाजलाई सूचना दिने मात्र होइन, समाजलाई दिशा दिने, जनचेतना अभिवृद्धि गर्ने तथा लोकतान्त्रिक संस्कृतिलाई मजबुत बनाउने कार्य पनि गर्दछ ।

नेपालको पत्रकारिता इतिहासमा गोरखापत्रको योगदान अत्यन्त गौरवपूर्ण रहेको छ । नेपालको सबैभन्दा पुरानो समाचार संस्थाका रूपमा गोरखापत्रले विगत एक शताब्दीभन्दा बढी समयदेखि राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्य, सामाजिक जागरण तथा विकासका मुद्दालाई जनसमक्ष पुर्‍याउने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । विशेष गरी स्थानीय तहका घटनाक्रम, विकासनिर्माणका गतिविधि, जनसरोकारका विषय तथा स्थानीय आवाजलाई राष्ट्रियस्तरमा स्थापित गर्न संवाददाताको भूमिका अत्यन्त महत्वपूर्ण रहँदै आएको छ ।

मधेश प्रदेश विविधता, सम्भावना र अवसरले भरिपूर्ण प्रदेश हो । यहाँ कृषि, उद्योग, व्यापार, पर्यटन, संस्कृति तथा मानव संसाधनका दृष्टिले अथाह सम्भावना रहेका छन् तर यी सम्भावनालाई उजागर गर्ने, समस्या र चुनौतीलाई सम्बन्धित निकायसम्म पुर्‍याउने तथा विकासका सकारात्मक अभ्यासलाई प्रचारप्रसार गर्ने जिम्मेवारी पत्रकार समुदायको पनि हो । प्रदेशको विकासयात्रामा सञ्चार क्षेत्र साझेदारका रूपमा अगाडि बढ्नु पर्छ ।

आज विश्व सूचना प्रविधिको तीव्र विकासको युगमा प्रवेश गरिसकेको छ । सञ्चारका माध्यम परम्परागत सीमाभन्दा धेरै अगाडि बढिसकेका छन् । केही सेकेन्डमै संसारको एक कुनाबाट अर्को कुनासम्म सूचना पुग्ने अवस्था बनेको छ । सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, अनलाइन समाचार माध्यम तथा कृत्रिम बुद्धिमत्ता जस्ता नवीन प्रविधिले सञ्चार क्षेत्रमा नयाँ अवसर र नयाँ चुनौती दुवै सिर्जना गरेका छन् ।

एकातिर सूचना प्रवाह सहज भएको छ भने अर्कातिर गलत सूचना, भ्रामक सूचना, अफवाह, घृणात्मक अभिव्यक्ति तथा तथ्यहीन सामग्रीको जोखिम पनि बढेको छ । यस्ता चुनौतीबिच पत्रकारहरूले तथ्य जाँच, स्रोतको विश्वसनीयता, व्यावसायिक आचारसंहिता तथा नैतिक जिम्मेवारीलाई अझ बढी प्राथमिकता दिन आवश्यक भएको छ । पत्रकारिताको मूल मर्म भनेकै सत्यको खोजी र जनहितको संरक्षण हो । सत्यलाई सत्य र असत्यलाई असत्य भन्न सक्ने साहस नै पत्रकारिताको वास्तविक शक्ति हो ।

आजको प्रशिक्षण कार्यक्रमले संवाददातालाई समाचार लेखन, खोजमूलक पत्रकारिता, डिजिटल सञ्चार, तथ्य परीक्षण, समाचार सम्पादन, पत्रकारिता आचारसंहिता तथा समसामयिक सञ्चार अभ्यासका विषयमा थप दक्ष बनाउने विश्वास लिएको छ । कुनै पनि पेसामा निरन्तर सिकाइ आवश्यक हुन्छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक


**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## कुनै पनि टिम सुरक्षित नरहेको विश्वकप

*अशोक घिमिरे*

फिफा विश्वकप फुटबल प्रतियोगिता नकआउट चरणमा प्रवेश गरेपछि हालसम्म देखिएको नतिजाले कुनै पनि टिम सुरक्षित नरहेको स्पष्ट सङ्केत देखिएको छ । समूह चरणको खेलहरुको समाप्तिसँगै सुरु भएको नकआउट प्रतिस्पर्धामा देखिएको नतिजाले जुनसुकै सहभागी टिम पनि प्रतियोगिताबाट बाहिरिन सक्ने अवस्था देखिएको छ ।

विगतको विश्वकपका इतिहासलाई ओझेलमा पार्दै नयाँ इतिहास कोर्ने होडमा सहभागी टिमहरु रहेका छन् । यसपटक अनुमान नगरिएका नतिजाहरु पनि देखिएका छन् । विश्वकपको दाबी गर्दै प्रतियोगितामा भिडेका प्रतिस्पर्धी टिमहरुले समेत क्वाटरफाइनलसम्म पनि नपुग्दै घर फर्कनुपरेको स्थितिको सामना गर्नुपरेको छ ।

युरोपका दुईवटा शक्तिशाली टिम जर्मनी र नेदरल्याण्डस् एकैदिन पेनाल्टी सुट आउटबाट पराजित भएको घटनालाई विश्वकपको इतिहासमा सामान्य मान्न सकिदैन । दर्शकहरुले आफ्ना प्रिय टिमलाई गुमाउनुपरेको क्षण पनि पिडादायी रहेको छ । साना राष्ट्रको प्रतिनिधित्व गर्दै विश्वकपको मैदानमा उत्रिएका केही टिमले विशिष्ट पहिचान बनाइसकेका टिमलाई दिएको चुनौतीलाई पनि कम आँक्न सकिदैन । समूह चरणबाट विजयी भएर अघिल्लो चरणमा पुगेका बत्तीस टिमहरुको पहिलो नकआउट चरणमा तीव्र प्रतिस्पर्धा भएकाले दावेदार टिमहरुले आफ्नो पहिलो रोजाइका खेलाडीहरुलाई मैदानमा उतारेको देखियो । खेलको गति पनि छिटो तथा बढी आक्रामक भएकाले दर्शकहरुले पनि खेलाडीहरुको खेलकौशलबाट रोमान्चित हुने अवसर पाइरहेका छन् ।

विशेषगरी बरोबर पेनाल्टी सुटआउट तथा कल्पना पनि गर्न नसकिने खालका आकर्षक गोलहरु राउण्ड अफ बत्तीस चरणका विशेषता बनेका छन् । रेफ्रीले विभिन्न खेलका दौरान गरेका निर्णय समेत भिडियो एसिष्टेण्ट रेफ्रीले उल्टाएर नतिजालाई समेत प्रभावित गरेको प्रसङ्ग पनि उल्लेखनीय मानिएका छन् ।

अकल्पनीय पराजय

विगतका वर्षहरुमा जस्तै यसपालि पनि विश्वकपको दाबी गर्दै आएको जर्मनी टिमले छिट्टै घर फर्कनुपर्ने स्थिति आउला भनेर कल्पना समेत गरेको थिएन । जितेर विजय उत्सव मनाउने लक्ष्य राखेको जर्मन खेलाडीहरुले पराजित भएपछि आफ्नै घरमा समेत विरोधको सामना गर्नु पर्‍यो । चारपटक विश्वकप जितिसकेको जर्मनी गत विश्वकपमा जस्तै यसपटक पनि पहिलो नकआउट चरणमै असफल हुनु दुर्भाग्य ठानिएको छ । विश्वका सफल पुरुष फुटबल टिममध्ये एक मानिएको जर्मनीले विश्वकपमा चार चार पटक दोस्रो र तेस्रो स्थान पनि प्राप्त गरेको इतिहास छ । पराग्वे र जर्मनीबीच एक-एक गोल भई खेल बराबरीको स्थितिमा भएपछि गराइएको पेनाल्टी प्रहारमा पराग्वे तीन गोलका विरुद्ध चार गोलले विजयी हुन पुग्यो ।

जर्मनीले विश्वकपका खेलहरुमा आजसम्म पेनाल्टी सुटआउटबाट पराजित हुनु परेको थिएन । जर्मनी पराजित हुनुमा पहिलो गोल पराग्वेका तर्फबाट प्रहार हुनु, शसक्त आक्रमण निरन्तर गर्न नसक्नु तथा गरिसकेको गोल पनि भिडियो एसिष्टेण्ट रेफ्रीको निर्णयले गुम्नुजस्ता मुख्य कारण मान्न सकिन्छ ।

खेलको निर्धारित समय बराबरमा टुङ्गिएपछि थपिएको अतिरिक्त समयमा जर्मनीका लागि जोनाथनले हेडद्वारा गरेको गोल रेफ्रीले दिन अस्वीकार गरिएपछि जर्मनीले पेनाल्टी सुटआउटको सामना गर्नुपरेको थियो ।

वाल्डेमार एन्टोनले पराग्वेको गोलकिपर ओर्लाण्डोगिललाई फल गरेको जनाउँदै गोल दिइएन । अर्को युरोपेली टिम नेदरल्याण्डस् पनि पेनाल्टी सुटआउटमै हार्न पुग्यो । मोरक्को र नेदरल्याण्डबीच एक-एक गोल भई खेल बराबरीको स्थितिमा भएपछि गराइएको पेनाल्टी प्रहारमा मोरक्को दुई गोलका विरुद्ध तीन गोलको अन्तरले बिजयी हुन पुगेको थियो ।

टिमको पराजयपछि नेदरल्याण्डसका प्रशिक्षक रोनाल्ड कोम्यानले तत्काल राजिनामा दिएर पराजयको जिम्मेवारी लिनु परेको थियो । बेल्जियमसँगको खेलमा दुई गोल प्रहार गर्नु सफल भइसकेको सेनेगलले आफ्नो अग्रता जोगाउन नसक्दा हार व्यहोर्नुपर्‍यो । बेल्जियमले अतिरिक्त समयमा देखाएको चमत्कारले सेनेगललाई दुई गोलका विरुद्ध तीन गोलको अन्तरले हराएको थियो । पहिलो नकआउट चरणमा क्यानडाले दक्षिण अफ्रिकालाई शून्यका विरुद्ध एक गोलले हराएर अर्को चरण प्रवेशको ढोका खोल्यो ।

ब्राजिलले एसियाली टिम जापानलाई एक गोलका विरुद्ध दुई गोलले हराएको थियो । नर्वेले आइभरी कोष्टलाई एक गोलका विरुद्ध दुई गोलले तथा फ्रान्सले स्वीडेनलाई शून्यका विरुद्ध तीन गोलले पराजित गर्दै अर्को यात्राको बाटो तय गरेको छ । मेक्सिकोले पनि इक्वेडरलाई शून्यका विरुद्ध दुई गोलले हराएर राउण्ड अफ बत्तीस पार गरेको छ ।

प्रतियोगिताको सहआयोजक क्यानडाले कठिन परिस्थितिका बाबजुद दक्षिण अफ्रिकालाई शून्यका विरुद्ध एक गोलले हराएर अर्को चरणका लागि स्थान निश्चित गरिसकेको छ । मेक्सिकोले इक्वेडरलाई शून्यका विरुद्ध दुई गोलले हराएको थियो । अमेरिकाले दश जना खेलाडीहरुमा सिमित रहेको स्थितिमा पनि बोस्निया हर्जगोभिनालाई शून्यका विरुद्ध दुई गोलले पराजित गर्दै आगामी यात्रा सुनिश्चित गर्न सफल भयो । स्पेन पनि सशक्त रुपमा प्रस्तुत हुँदै अष्ट्रियालाई शून्यका विरुद्ध तिन गोलले सजिलैसँग हराउन सफल भयो । यसमा मिकेल ओयारबालले महत्वपूर्ण दुई गोल गरेका थिए भने पेड्रो पोरोले एक गोल थपेका थिए । पोर्चुगलले क्रोयसियालाई एक गोलका विरुद्ध दुई गोलले हराएर आगामी यात्रा सुनिश्चित गरेको छ । एक गोलले पछि परिसकेको पोर्चुगलले क्रिष्टियानो रोनाल्डोको पेनाल्टी गोल तथा र गोलकालो रामोसको खेल समाप्तिको चरणमा रहेको अवस्थाको गोलको मद्दतले जित हासिल गरेको थियो ।

केही उत्कृष्ट गोलहरु

नकआउट चरणमामा विश्वास गर्न नसकिने खालका कयौं गोलहरु भएका छन् । यसमध्ये पाराग्वेका जुलियो एन्सिसोले जर्मनीविरुद्ध हेड गरेर गरेको गोल उत्कृष्ठ मानिएको छ । नर्वेका एण्टोनियो नुसाले आइभोरी कोष्टका रक्षापङ्तिका खेलाडीहरुलाई छक्याउँदै ढाढाको दूरीबाटै गोल गर्न सफलता प्राप्त गरेका थिए । यो गोल यसपालिको प्रतियोगिताकै हालसम्मकै उत्कृष्ट गोलमा पर्दथ्यो । सेनेगलका इस्माइला सारले बेल्जियमविरुद्ध गरेको गोल पनि प्रशंसनीय थियो । नर्वेका एन्टोनियो नुसाले घुमाउरो प्रहार गर्दै गरेको अनपेक्षित गोलले आइभोरी कोष्ट टिमलाई स्तब्ध बनाएको थियो । फ्रान्सका स्ट्राईकर एम्बाप्पेले स्विडेनविरुद्ध गरेको दुई गोल पनि निक्कै चर्चित हुन पुग्यो । इङ्गल्याण्डलाई कङ्गोले कडा चुनौती दिएर एक गोलले पछाडि पारिरहेको अवस्थामा कप्तान ह्यारी केनले लगातार गरेको दुईवटा आकर्षक गोलले इङ्गल्याण्डका समर्थकहरुलाई निरास हुनबाट जोगायो ।

फुटबलमा भिडियो हावी

शुक्रबार पोर्चुगल र क्रोयसियाबीच भएको खेलको अन्तिम समयमा क्रोयसियाको तर्फबाट भएको गोल भिडियो एसिष्टेण्ट रेफ्रीले अफसाइड जनाएपछि क्रोयसियाले पराजय भोग्नुपरेको थियो । विगतका दुई विश्वकपदेखि लागू गरिएको भिडियो एसिष्टेण्ट रेफ्रीको व्यवस्थाले यसपालि खेलको नतिजालाई नै प्रभावित गरिरहेको देखिएको छ । खेलमा गोल भएको वा नभएको, फाउल, ह्याण्ड अथवा अफसाइडको अवस्थामा भिडियो एसिष्टेण्ट रेफ्रीले हस्तक्षेप गर्नसक्ने नियम रहेको छ । तर अन्तिम निर्णय गर्ने अधिकार मैदानमा कार्यरत रेफ्रीकै हुने गरेको छ । पेनाल्टी गराउने वा नगराउने, रातो कार्ड देखाएर खेलाडीलाई निष्काशित गर्नसक्ने अवस्थासम्म भिडियो एसिष्टेण्ट रेफ्रीले समीक्षा गर्न सक्दछ ।

जर्मनीले पाराग्वेविरुद्ध गरिसकेको गोल पनि भिडियो एसिष्टेण्ट रेफ्रीको निर्णयको कारण गुम्न पुगेको थियो । खेलको निर्धारित समय बराबरमा टुङ्गिएपछि थपिएको अतिरिक्त समयमा जर्मनीका लागि जोनाथनले हेडद्वारा गरेको गोल रेफ्रीले दिन अस्वीकार गरिएपछि जर्मनीले पेनाल्टी सुट आउटको सामना गर्नुपरेको थियो । वाल्डेमार एन्टोनले पराग्वेको गोलकिपर ओर्लाण्डोगिललाई फल गरेको जनाउँदै गोल दिइएको थिएन । अमेरिका र बोस्निया हर्जगोभिनाबीचको खेलमा अमेरिकी फरवार्ड फोलारिन बालोगनलाई रातो कार्ड देखाई मैदानबाट निकालिएको कारणनै भिडियो एसिष्टेण्ट रेफ्रीको निर्णय थियो । उनलाई रेफ्रीले पहिले देखाएको पहेंलो कार्डको पुन समीक्षा गरिएपछि रातो कार्ड देखाइएको थियो । मेक्सिकोसँग भएको खेलमा भिडियो एसिष्टेण्ट रेफ्रीको समीक्षापछि इक्वेडर टिम १० खेलाडीमा सीमित भएको थियो । इक्वेडरका रक्षा पङ्तिका खेलाडी पिइरो हिनकेपीलाई रातो कार्ड देखाएर निष्काशित गरेपछि इक्वेडर पराजयको बाटोमा पुगेको थियो ।

खेलले जन्माएको द्वन्द्व

विश्वकपको प्रतिस्पर्धाबाट बाहिरिएका विभिन्न मुलुकका सहरहरुमा समर्थकहरुले पराजित टिमको विरोध भएका छन् । जर्मन फुटबल टिमले तीब्र विरोधको सामना गर्नु परेता पनि जर्मनीमा भने ठूला हिंसात्मक घटना घटेनन् तर युरोपका विभिन्न सहरमा झडपका घटना घटेका छन् । मोरक्कोसँग पेनाल्टी सुटआउटमा नेदरल्याण्डस् पराजित भएपछि हेग, रोटरडमजस्ता सहरमा हिंसात्मक झडप भएका थिए । समूह चरणबाट बाहिरिएपछि स्वदेश फर्केको दक्षिण कोरिया टिमको पनि विरोध गरिएको थियो । यसैक्रममा नाराबाजी समेत गरिएको थियो । प्रतियोगिता स्थल अमेरिकामा पनि खेलका क्रममा केही हिंसात्मक घटना घटन पुगे ।

उदाहरणीय टिम

जापानले विश्वकप पाँच पटक जितिसकेको ब्राजिल जस्तो प्रमुख टिमलाई कडा चुनौती दिंदादिंदै पनि विश्वकपको यात्रा टुङ्ग्यायतापछि यसपालिको विश्वकपमा सम्झिरहने टिमका रुपमा आफूलाई स्थापित गर्न सफल भएको छ । जापानले खेलेका खेलहरु समाप्त भएपछि रङ्गशालाका प्याराफिटमा भएका फोहर सफा गरेर जापानी युवायुवतीले उदाहरणीय कार्य गरेका थिए । विश्वकपजस्तो प्रतिष्ठित प्रतियोगिताबाट बाहिरिनु भनेको त्यति सहज परिस्थिति होइन । यस्तो अवस्थामा विपक्षी टिमसँग आक्रामक हुनु, रेफ्री वा अन्य अफिसियलप्रति नकारात्मक व्यवहार देखाउनु वा रिस प्रकट गर्नेजस्ता कार्य बेलाबखत फुटबलमा देखिनु सामान्य हो ।

जापान नकआउट चरणमा प्रवेश गरेसँगै ब्राजिलसँग पराजित हुनु परे पनि जापानी प्रशिक्षक, खेलाडी तथा जापानी दर्शकहरुले प्रदर्शन गरेको विनम्रता भने साँच्चिकै सम्झनलायक थियो । जापानी प्रशिक्षक हाजिमे मोरियासुले उच्च खेल संस्कारको प्रदर्शन गर्दै रङ्गशालामा उपस्थित सबैप्रति कृतज्ञता व्यक्त गरेका थिए । जापानी टिमका खेलाडीहरु रोइरहेको अवस्थामा पनि शरीर झुकाएर आभार व्यक्त गरिरहेका थिए । प्रतियोगिता सम्पन्न भएको रङ्गशालामा खेल हेर्न उपस्थित भएका जापानी दर्शकहरुले पनि रोएरै सहज रुपमा पराजयलाई स्वीकारेको दृष्यले धेरैको आँखा रसाएको थियो ।

विश्वकप फुटबलको राउण्ड अफ बत्तीसको समापन सँगसँगै अब अझ कठिन मोडअर्थात् उत्कृष्ट १६ मा प्रवेश गर्दैछ ।

केही दावेदार टिम बाहिरिनु तथा अनुमान नगरिएका टिमले विगतमा इतिहास बनाएका टिमहरुलाई दिएको सानदार चुनौतीले फुटबल प्रेमीहरुलाई चकित बनाइदिएको छ । अबका खेलहरु अझ प्रतिस्पर्धात्मक तथा रोचक हुँदै जाने आकलन गरिएको छ ।

विश्वकपका खेलहरु टिमहरुबीचको आपसी भीडन्तमा मात्र सीमित रही नयाँ इतिहास बनाउने महत्वपूर्ण अवसर भएकाले आगामी खेलहरुका प्रत्येक पल निर्णायक हुने अपेक्षा गरिएको छ ।

# नेपाल-चीन व्यापार फोरम : लगानी, प्रविधि र निर्यात विस्तारमा जोड

काठमाडौँ । नेपाल-चीनबीचको व्यापारिक तथा औद्योगिक साझेदारीलाई थप सुदृढ बनाउन चिनियाँ लगानीकर्ता तथा उद्यमीहरूलाई नेपाललाई उत्पादन, नवप्रवर्तन र दिगो विकासका लागि रणनीतिक साझेदारका रूपमा लिनुपर्नेमा जोड दिइएको छ ।

अन्तरराष्ट्रिय व्यापार प्रवर्द्धनका लागि नेपाली दूतावास र चीन परिषद् फर द प्रमोशन अफ इन्टरनेशनल ट्रेड र चाइना चेम्बर अफ इन्टरनेशनल कमर्सको सहकार्यमा आज बेइजिङमा सम्पन्न नेपाल-चीन बिजनेस एण्ड इन्भेस्टमेन्ट फोरममा नेपाली प्रतिनिधिहरूले सो कुरामा जोड दिनुभएको हो ।

कार्यक्रममा चीनका लागि कार्यवाहक नेपाली राजदूत रोशन खनालले नेपाल सरकार विदेशी लगानीका लागि अनुकूल वातावरण निर्माण गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै हालका वर्षहरूमा लगानीमैत्री नीतिगत सुधारहरू अघि बढाइएको जानकारी दिनुभयो । नेपाली दूतावासकी आर्थिक कूटनीति प्रमुख पार्वती अर्यालले सम्मेलनले चिनियाँ लगानीकर्ता तथा उद्यमीहरूलाई नेपालको विशाल लगानी सम्भावना नजिकबाट बुझ्ने अवसर प्रदान गरेको बताउनुभयो ।

निर्यात व्यवसायी महासङ्घ नेपालका अध्यक्ष गोविन्दप्रसाद घिमिरेले नेपालमा प्रविधि, लगानी र औद्योगिक सहकार्य विस्तारका लागि निजी क्षेत्र पूर्णरूपमा प्रतिबद्ध रहेको बताउँदै चीनले नेपाली वस्तुका लागि उपलब्ध गराएको शून्य भन्सार सुविधाको अपेक्षित उपयोग अझै हुन नसकेकाले चीनसँग नेपालको ठूलो व्यापार घाटा रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले चीनले प्रदान गरेको शून्य भन्सार सुविधाको पूर्ण लाभ लिन सकेका छैनौँ । अब यस अवसरलाई वास्तविक आर्थिक उपलब्धिमा रूपान्तरण गर्ने समय आएको छ ।" नेपाल उद्योग वाणिज्य महासङ्घको निर्यात प्रवर्द्धन समितिका सभापति होमप्रसाद घिमिरेले औद्योगिक सहकार्य, प्रविधि हस्तान्तरण तथा दिगो लगानीमार्फत नेपाल-चीन आर्थिक सम्बन्धलाई थप विस्तार गर्ने अवसर सिर्जना भएको उल्लेख गर्नुभयो । उहाँले नेपाललाई विदेशी लगानीका लागि उदीयमान गन्तव्यका रूपमा प्रस्तुत गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । नेपालका उच्च मूल्यका निर्यातयोग्य वस्तुहरूमा हस्तनिर्मित कार्पेट, पश्मिना, उच्च गुणस्तरको चिया, कफी, जडीबुटी, मसला तथा डेरीजन्य उत्पादनहरू रहेका छन् । विगत ११ महिनामा मात्र नेपालले चीनबाट ३८२ अर्ब रूपैयाँको सामान आयात गरेको छ भने निर्यात केबल १.५८ अर्ब रूपैयाँ मात्र छ ।

सो क्रममा चाइना चेम्बर अफ इन्टरनेशनल कमर्सका द्विपक्षीय सहयोग विभागका महानिर्देशक जु क्वाङले कार्यक्रमले दुवै देशका व्यवसायीबीच नयाँ सहकार्यका क्षेत्र पहिचान गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो । फोरममा नेपाल र चीनका विभिन्न क्षेत्रका उद्योगी, व्यवसायी तथा लगानीकर्ताको उल्लेखनीय सहभागिता रहेको थियो ।

# राहदानीको नयाँ प्रणाली सुरु गरिँदै

काठमाडौँ । परराष्ट्र मन्त्रालय अन्तर्गतको राहदानी विभागले यही असार २९ गते हालको प्रणालीबाट राहदानी सेवालाई नयाँ प्रणालीमा लैजान लागेको भएको छ ।

विभागले शुक्रबार एक सूचनामार्फत नयाँ प्रणालीमार्फत राहदानी जारी गर्न आवश्यक तयारी गरिसकेको जनाएको हो । साथै हालको प्रणालीबाट नयाँ प्रणालीमा जाँदा जिल्ला/इलाका प्रशासन कार्यालय तथा विदेशस्थित नेपाली नियोगबाट प्रदान गरिने राहदानी सेवा र विभागबाट प्रदान गरिने सेवा केही दिन बन्द हुन सक्ने विभागले जनाएको हो ।

उक्त सूचनाअनुसार जिल्ला/इलाका प्रशासन कार्यालय र विदेशस्थित नेपाली नियोगबाट प्रदान गरिने राहदानी सेवा असार २४ देखि २६ गतेसम्म ३ दिनसम्म बन्द हुनेछ ।

त्यसैगरी, राहदानी विभागबाट प्रदान गरिने राहदानी सेवा असार २५ र २६ गते दुई दिनसम्म बन्द हुनेछ ।

साथै, यही असार २९ गतेदेखि नयाँ प्रणालीमार्फत राहदानी सेवा नियमित रूपमा सुचारु हुने बेहोरा विभागले जानकारी गराएको छ । यसबाट सेवाग्राहीमा पर्न जाने असुविधाप्रति राहदानी विभागले क्षमाप्रार्थी गरेको छ । विभागले यसअघि गत फागुन २८ गते नै विभागबाट प्रदान गरिने सेवा केही दिन बन्द हुन सक्ने सूचना जारी गरेको थियो ।

# ऊर्जामन्त्री श्रेष्ठद्वारा भेरी-बबई डाइभर्सनको अनुगमन

काँक्रेविहार । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले राष्ट्रिय गौरवको आयोजना भेरी-बबई डाइभर्सन आयोजनाको निरीक्षण एवं अनुगमण गर्नुभएको छ ।

मन्त्री श्रेष्ठले शुक्रबार आयोजनाको बाँधस्थल रहेको भेरीगङ्गा नगरपालिकाको चिप्लेस्थित विभिन्न भौतिक संरचनाको अवलोकन गर्नुभएको हो । आयोजनाको निर्माणस्थलमै पुगेर मन्त्री श्रेष्ठले आयोजनाको विषयमा छलफल भएको छ ।

मन्त्री श्रेष्ठले भन्नुभयो, "धेरैअघि नै सम्पन्न हुनुपर्ने राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन आयोजना अब थप ढिलाइ नगरी सम्पन्न गर्ने उद्देश्यका साथ आज सम्बन्धित निकाय र सरोकारवालासँग स्थलगत छलफल गरी आयोजनालाई नतिजामुखी रूपमा अघि बढाउने विषयमा आवश्यक विमर्श गरेका छौँ ।"

आयोजना सम्पन्न भएसँगै बाँके, बर्दियाँका ५१ हजार हेक्टर जमिनमा सिँचाइ हुनुका साथै साथै ४६ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको आयोजनाका प्रमुख हरिदत्त पौडेलले जानकारी दिनुभयो । कर्णाली प्रदेशमा विद्युत् मिटरको अभाव र सुर्खेतको लो-भोल्टेज समस्या समाधानतर्फ महत्वपूर्ण प्रगति हुने विश्वास गरिएको छ । हाल माग भएका पाँच हजार मिटरमध्ये दुई हजार थान आपूर्ति भई जडान प्रक्रिया सुरु भइसकेको जानकारी गराएको छ । बाँकी तीन हजार थान मिटर ७ दिनभित्र उपलब्ध हुने बताएको छ ।

सुर्खेतको लो-भोल्टेज समस्या समाधानका लागि आवश्यक बजेट विनियोजन भई स्तरोन्नतिको काम केही महिनाभित्र सुरु हुनेगरी प्रक्रिया अघि बढाइएको मन्त्री श्रेष्ठले बताउनुभयो ।

करिब ८० हजार ग्राहकलाई सेवा प्रदान गरिरहेको सुर्खेत वितरण केन्द्रमा सेवाग्राहीहरूको गुनासो र समस्या प्रत्यक्ष सुन्ने अवसर प्राप्त भएको उहाँको भनाईलाई उहाँले जोड दिनुभयो ।

# कतारबाट फर्केर महको मिठास फैलाउँदै लोकबहादुर राई

काठमाडौँ । दुई दशकअघि मोरङका लोकबहादुर राई रोजगारीको खोजीमा कतार पुग्दा मनमा ठूलो सपना थिएन । एउटा एकतले पक्की घर बनाउने र परिवारको जीवन केही सहज बनाउने चाहना मात्रै थियो ।

कतारमा पुगेर उहाँले सोचेजस्तै काम पाउनुभयो । कम्पनी राम्रो पर्‍यो, कमाइ पनि सन्तोषजनक भयो । तर, पैसा कमाइरहँदा पनि मन भने सधैं नेपालकै आँगनमा डुलिरहन्थ्यो । "विदेशमा हुँदा पैसा त कमाएँ, तर मन नेपालतिरै हुन्थ्यो, घर छोडेर विदेश जानु रहर थिएन, बाध्यता थियो", उहाँले भन्नुभयो ।

रोजगारीको खोजीमा विदेश गएका कतिपयले त्यसैलाई स्थायी गन्तव्य बनाए । तर राईका लागि विदेश कमाइ गर्ने ठाउँ मात्रै थियो, जीवन बिताउने होइन । त्यसैले करिब डेढ दशक कतारमा पसिना बगाएर घर बनाइसकेपछि उहाँ स्वदेश फर्किनुभयो । फर्किएपछि रोजगारी खोज्ने होइन, आफ्नै उद्यम खडा गर्ने निर्णय गर्नुभयो ।

आज त्यही निर्णयले उहाँलाई सफल उद्यमीको पहिचान दिलाएको छ ।

बिहीबार सिंहदरबारस्थित युवा, श्रम तथा रोजगार मन्त्रालयमा आयोजित कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवबाट उहाँ उत्कृष्ट राष्ट्रिय उद्यमी पुरस्कारबाट सम्मानित हुनुभयो । रु एक लाख ५० हजार, ताम्रपत्र र दोसल्लासहित सम्मान ग्रहण गर्दै उहाँको अनुहारमा संघर्षको मिठास झल्किन्थ्यो ।

"कुनै बेला काम खोज्दै विदेश गएको थिएँ," उहाँले मुस्कुराउँदै भन्नुभयो, "आज आफ्नै देशमा उद्यमी बनेर सम्मानित हुन पाउँदा निकै सन्तुष्ट छु ।" मोरङको लेटाङ नगरपालिका-४ निवासी राईले स्वदेश फर्किएपछि बजारको आवश्यकता बुझ्न थाल्नुभयो । विभिन्न सम्भावनाको अध्ययनपछि उहाँ मौरीपालन व्यवसायतर्फ आकर्षित हुनुभयो ।

'प्रशंसा हनी फर्म' स्थापना गरेर जम्मा नौ वटा मौरीका गोलाबाट सुरु भएको यात्रा अहिले करिब तीन सय गोलासम्म पुगेको छ । कुनै समय रोजगारीको खोजीमा विदेशिन बाध्य भएका राई अहिले आफ्नै उद्यममार्फत अरूलाई पनि रोजगारी दिन सक्ने अवस्थामा पुग्नुभएको छ । उहाँका अनुसार सफल उद्यमी बन्न ठूलो पुँजीभन्दा पनि धैर्य, मेहनत र निरन्तरताको आवश्यकता पर्छ ।

तर यो सफलता सहजै प्राप्त भएको भने होइन ।

मौरी पाल्नु र मह उत्पादन गर्नु एउटा चुनौती हो भने त्यसलाई बजारमा बेच्नु अर्को ठूलो परीक्षा । व्यवसाय सुरुका दिनमा राईले मह बोकेर गाउँ-सहरका घर-घर पुग्नुपर्थ्यो । तर ग्राहकले विश्वास गर्न मान्दैनथे ।

"मह बोकेर जाँदा धेरैले 'यो त चिनी मिसाएको नक्कली मह होला' भनेर शङ्का गर्थे," उहाँ सम्झनुहुन्छ, "कतिपटक दिनभर बजार डुलेर एक बोतल पनि नबिकी रित्तै घर फर्किएको छु ।" तर उहाँले हार मान्नुभएन । गुणस्तरमा कहिल्यै सम्झौता गर्नुभएन । ग्राहकलाई शुद्ध मह उपलब्ध गराउने अठोटले निरन्तर काम गरिरहनुभयो ।

समयसँगै ग्राहकको धारणा बदलियो । अहिले अवस्था उल्टिएको छ । पहिले उहाँ ग्राहक खोज्दै हिँड्नुहुन्थ्यो, अहिले ग्राहक आफैँ उद्योगमै पुगेर मह किन्छन् ।

"केही महिना ग्राहकको विश्वास जित्न लाग्यो," उहाँ भन्नुहुन्छ, "अहिले भने ग्राहक आफैँ मह खोज्दै घरमा आउँछन् ।" राईको अनुभवमा व्यवसायको दीर्घकालीन सफलता आकर्षक प्रचारमा होइन, गुणस्तर र इमानदारीमा टिकेको हुन्छ । उहाँका लागि शुद्ध मह नै सबैभन्दा ठूलो ब्रान्ड बनेको छ ।

यद्यपि, मौरीपालन व्यवसाय अझै चुनौतीरहित छैन । बजार व्यवस्थापनसँगै मौरीका लागि पर्याप्त चरण क्षेत्रको अभावले उत्पादनमा असर पारिरहेको उहाँ बताउनुहुन्छ । विशेषगरी चिउरी वनको संरक्षण र विस्तार गर्न सके मौरीपालन व्यवसायले ठूलो फड्को मार्ने उहाँको विश्वास छ ।

"यदी राज्यले चिउरी वनको व्यवस्थापन गरिदियो भने मौरीलाई चरणको समस्या कम हुन्थ्यो र मह उत्पादन पनि बढ्थ्यो," उहाँले भन्नुभयो, "त्यससँगै उद्यमीले उत्पादन गरेको वस्तुले सहज बजार पाउने वातावरण पनि राज्यले सुनिश्चित गरिदिनुपर्छ ।" कतारको मरुभूमिबाट मोरङको मौरीघारसम्म आइपुगेको लोकबहादुर राईको यात्रा केवल एक व्यक्तिको सफलता होइन । यो विदेशबाट फर्किएर आफ्नै माटोमा सम्भावना खोज्ने नेपाली युवाका लागि प्रेरणादायी कथा हो । उहाँको जीवनले देखाएको छ, विदेशले कमाइ दिन सक्छ, तर आफ्नो माटोले पहिचान र सन्तुष्टि दिन सक्छ ।

# प्रमुख निर्वाचन आयुक्तमा कार्की सिफारिस

काठमाडौँ । संवैधानिक परिषद्ले प्रमुख निर्वाचन आयुक्त पदमा मानबहादुर कार्की (मोरङ)लाई नियुक्तिका लागि सिफारिस गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार बसेको परिषद्को बैठकले प्रमुख निर्वाचन आयुक्तका कार्कीको नाम सिफारिस गर्ने निर्णय गरेको हो ।

बैठकले रिक्त निर्वाचन आयुक्तमा डा राजीव सुब्बा (काठमाडौँ) र यही असार २३ गतेदेखि रिक्त हुने निर्वाचन आयुक्त पदमा गुरुप्रसाद वाग्ले (ओखलढुङ्गा)लाई नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको परिषद्का सदस्य एवं प्रतिनिधि सभाका उपसभामुख रुवीकुमारी कर्णले जानकारी दिनुभयो । संवैधानिक परिषद्ले प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तसहित विभिन्न संवैधानिक निकायका रिक्त पदमा योग्य व्यक्तिको नाम सिफारिस गर्ने संवैधानिक व्यवस्था छ ।

# सुर्तीजन्य पदार्थसहित एक जना पक्राउ

काठमाडौँ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाट दुई लाख रुपैयाँभन्दा बढी मूल्यका अवैध सुर्तीजन्य पदार्थसहित एक जना पाकिस्तानी नागरिक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा कतार एयरवेजको उडान नम्बर क्युआर ६४७ द्वारा काठमाडौँबाट दोहा हुँदै पाकिस्तान जान लागेका राहदानी नम्बर बिइ ०१५३५५५ वाहक पाकिस्तानी नागरिक ६३ वर्षीय शाहिद महमुद रहेका त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक राजकुमार सिलवालले जानकारी दिनुभयो ।

उहाँका अनुसार निज महमुदले लिई आएको लगेजहरुलाई यस त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अन्तरराष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियामा जाँच गर्ने क्रममा निजको लगेजहरुबाट उक्त सामग्री फेला परेको हो । निजको साथबाट रजनीगन्धा रु एक लाख २० हजार, पान पराग रु २२ हजार ७५०, कथा नामक डब्बा रु २८ हजार ३५० र १०० एमटिएस लेखिएको पोका तौल २५ केजीको रु ३० हजार गरी कूल जम्मा रकम दुई लाख एक हजार १०० बराबरको सुर्तीजन्य पदार्थहरु तथा अन्य सामग्री लुकाइछिपाइ बाह्य मुलुकतर्फ लैजान लागेको अवस्थामा फेला पारिएको प्रहरीले जनाएको छ ।

निजलाई आवश्यक कानुनी कारवाहीको लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचरमा बुझाइएको प्रवक्ता सिलवालले बताउनुभयो ।

# उखु किसानको सबै भुक्तानी असार मसान्तभित्रै हुन्छः कृषिमन्त्री चौधरी

काठमाडौँ । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले उखु किसानले पाउनुपर्ने सम्पूर्ण भुक्तानी यही असार मसान्तसम्म भइसक्ने जानकारी दिनुभएको छ ।

उहाँले राससससँग भन्नुभयो, "चालु आर्थिक वर्षको असारभित्र उखु किसानको बाँकी रकम जसरी पनि भुक्तानी गरिनेछ । यस वर्ष प्रतिक्विन्टल रु ७० अनुदान उपलब्ध गराइनेछ । किसानले जुन वर्ष क्रसिङ गर्नुभएको हो, सोही वर्षमै भुक्तानी सुनिश्चित गरिन्छ । किसानको रकम भुक्तानी हाम्रो प्राथमिकता हो र यसका लागि हामीले सक्दो मिहिनेत गरेका छौँ ।"

मन्त्री चौधरीले किसानलाई दिइने अनुदान भुक्तानीमा उल्लेख्य प्रगति भएको बताउँदै चालु आर्थिक वर्षको उखु क्रसिङ सम्पन्न भएपछि सरकारले अनुदान रकम समयमै निकासा गरी सम्बन्धित निकायमा पठाइसकेको जानकारी दिनुभयो । विगतमा उखु क्रसिङ भएको अर्को आर्थिक वर्षमा मात्र भुक्तानी हुने गरेको अवस्था रहने गरेकामा यस वर्ष भने सोही आर्थिक वर्षभित्रै भुक्तानी गर्ने व्यवस्था मिलाइएको उहाँको भनाइ छ ।

यसबीच उखु मिलहरूले किसानलाई दिनुपर्ने प्रतिक्विन्टल रु २० मध्ये करिब ९३ प्रतिशत भुक्तानी गरिसकेका छन् । त्यसैगरी सरकारले उपलब्ध गराउने प्रतिक्विन्टल रु ७० अनुदान पनि सम्बन्धित निकायमा निकासा भइसकेको भन्दै आवश्यक प्रक्रिया पूरा गरी किसानको खातामा जम्मा गरिने पनि मन्त्री चौधरीले बताउनुभयो । करिब रु एक अर्ब ५१ करोड अनुदान रकम भुक्तानीको प्रक्रिया अन्तिम चरणमा रहेको उहाँले जानकारी दिनुभयो । बाँकी केही भुक्तानी किसानको बैंक खाता, पान नम्बरलगायत प्राविधिक विवरण नमिलेकाले रोकिएको बताउँदै मन्त्री चौधरीले ती समस्या समाधान हुनेबित्तिकै बाँकी रकम पनि भुक्तानी गरिने जानकारी दिनुभयो । कृषि विभागका महानिर्देशक प्रकाशकुमार सन्जेलले विगतका वर्षमा किसानले भुक्तानीका लागि छदेखि आठ महिनासम्म कुर्नुपर्ने अवस्था रहेकामा यस वर्ष उल्लेखनीय सुधार भएको बताउनुभयो । उहाँका अनुसार अधिकांश किसानले २५ दिनदेखि एक महिनाभित्रै भुक्तानी प्राप्त गरेका छन्, जसले सरकारको भुक्तानी प्रणाली थप प्रभावकारी बनेको देखाएको छ ।

# गण्डकीमा मिडिया समिट

गण्डकी । 'स्वच्छ प्रेस, समुन्नत गण्डकी प्रदेश' भन्ने आदर्श वाक्यसहित पोखरामा (आज) शनिबार 'गण्डकी मिडिया समिट' आयोजना हुने भएको छ । प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी आयोजक रहेको समिटमा नेपाली सञ्चार जगतका समसामयिक चुनौती र अवसरबारे बहस हुने जनाइएको छ । गण्डकी प्रदेशको आमसञ्चार क्षेत्रलाई थप मर्यादित, प्रविधिमैत्री र उत्तरदायी बनाउन मिडिया समिट आयोजना गरिएको थियो । कार्यक्रममा मिडिया अर्थतन्त्र, पत्रकारितामा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लगायत विषयमा विज्ञ समूहरुबीच छलफल हुने उहाँको भनाइ छ ।

## शिक्षामन्त्रीद्वारा विश्वविद्यालयका नवनियुक्त उपकुलपतिको शपथ

काठमाडौं । शिक्षा तथा खेलकुदमन्त्री एवं विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलले विभिन्न विश्वविद्यालयका नवनियुक्त उपकुलपतिहरूलाई शुक्रबार मन्त्रालयमा आयोजित कार्यक्रममा पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति वालेन्द्र शाहले आजै विभिन्न सात विश्वविद्यालयका उपकुलपति नियुक्त गर्नुभएको थियो । विश्वविद्यालयका उपकुलपति छनोट तथा सिफारिस समितिद्वारा सिफारिस उम्मेदवारमध्येबाट कुलपति शाहले उपकुलपतिहरू नियुक्त गर्नुभएको हो ।

मन्त्री पोखरेलले त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा भोला थापा, सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति किसनदत्त भट्ट, मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति राजन सुवाल, कृषि तथा वन विश्वविद्यालयका उपकुलपति ऋषिराम कट्टेल, राजर्षि जनक विश्वविद्यालयका उपकुलपति श्याम नारायण लाभ, पोखरा विश्वविद्यालयका उपकुलपति देवेन्द्र अधिकारी र पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति सुजनबाबु मरहट्टालाई शपथ गराउनुभएको हो ।

त्यस अवसरमा मन्त्री पोखरेलले निष्पक्ष, स्वतन्त्र, व्यावसायिक र पारदर्शी ढङ्गले विश्वविद्यालयको काम कारबाही गर्न निर्देशन दिनुभयो । "सबै जनाले इतिहास बनाउने गरी आफ्नो अवधिमा काम गर्नुहोला, तपाईंहरूलाई सरकार र मन्त्रालयको पूर्ण सहयोग रहन्छ । कसैको दबाबमा नपरी व्यावसायिक तवरले जिम्मेवारी निर्वाह गर्नुहोला", उहाँले भन्नुभयो । मन्त्री पोखरेलले सबै विश्वविद्यालय र सम्भव भएका आङ्गिक क्याम्पसहरूमा १० प्रतिशत छात्रवृत्ति पारदर्शी ढङ्गले अनिवार्य गराउन तथा विश्वविद्यालय र क्याम्पसमा भएका ट्रेड युनियनका ब्यानरहरू हटाउन आवश्यक निर्देशनसमेत दिनुभयो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव किरणराज शर्माले नवनियुक्त उपकुलपतिहरूबाट शिक्षा क्षेत्रको समग्र सुधारका लागि महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । शपथपछि नवनियुक्त उपकुलपतिहरूले विश्वविद्यालयको शाख र गरिमालाई कायम राख्दै निर्भिकता र इमानदारिताका साथ काम गर्ने प्रतिबद्धता जनाउनुभयो । खुला प्रतिस्पर्धाको माध्यमबाट उपकुलपति छनोट प्रक्रियाले आफूहरूको मनोबल उच्च रहेको भन्दै प्रतिबद्धताबमोजिम काम गर्नेमा विश्वास व्यक्त गर्नुभयो । उपकुलपतिको नाम सिफारिस गर्न शिक्षामन्त्री तथा विश्वविद्यालयका सहकुलपति पोखरेलको अध्यक्षतामा सिफारिस समिति गठन गरिएको थियो । उक्त समितिले विज्ञको नेतृत्वमा अर्को उपसमिति बनाएर उपकुलपति छनोट गरेको हो ।

## लागुऔषध कारोबारी पक्राउ

गोलबजार । सिरहाको नवराजपुर गाउँपालिका-५ स्थित नेपाल-भारत सीमावर्ती क्षेत्रमा शुक्रबार प्रहरी र लागुऔषध कारोबारी समूहबीच गोली हानाहान भएको छ । घटनामा एक भारतीय नागरिक प्रहरीको गोली लागेर घाइते भएका छन् भने अन्य केही कारोबारी फरार भएका छन् ।

लागुऔषध कारोबार भइरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय महेशपुर पतारका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लको नेतृत्वमा पुगेको प्रहरी टोलीले कारोबारीलाई नियन्त्रणमा लिन खोज्दा उनीहरूले प्रहरीमाथि गोली प्रहार गरेका थिए । उक्त गोली कसैलाई नलागेको प्रहरीले जनाएको छ । आत्मरक्षाका लागि प्रहरीले दुई राउन्ड गोली चलाएको थियो । तीमध्ये एक गोली भारतको बिहार राज्य, मधुवनी जिल्लाका अब्दुल कलामको खुट्टामा लागेको थियो । घाइते कलामलाई नियन्त्रणमा लिएर उपचारका लागि सिरहास्थित प्रादेशिक अस्पतालमा भर्ना गरिएको छ । सिरहा प्रहरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालका अनुसार पक्राउ परेका अब्दुल कलाम उक्त समूहका मुख्य कारोबारी हुन् । उनीहरूले लामो समयदेखि भारतबाट नेपालतर्फ व्यावसायिक रूपमा लागुऔषध तस्करी गर्दै आएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । प्रहरीले अब्दुलको साथबाट १२२ ग्राम ब्राउन सुगर र एक थान कट्टा पेस्तोल बरामद गरेको छ । घटनामा संलग्न अन्य दुई/तीन जना फरार रहेकाले उनीहरूको खोजी तथा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## विभागद्वारा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा भेटेरिनरी प्रमाणपत्र लिन निर्देशन

काठमाडौं । पशुसेवा विभागले कुनै पनि पन्छी फार्म वा बिक्रीस्थलमा अस्वाभाविक रूपमा धेरै सङ्ख्यामा पन्छी बिरामी परेमा वा मरेमा तुरुन्त नजिकैको पशु सेवाका निकायमा जानकारी गराउन अनुरोध गरेको छ ।

विभागले बर्डफ्लुका भाइरसले स्वरुप परिवर्तन गर्न सक्ने जोखिम रहेकाले रोग नियन्त्रणमा लागि सबै सरोकारवाला निकायलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको हो ।

विभागका महानिर्देशक उमेश दाहालले फार्म परिसरमा जैविक सुरक्षाका विधि अवलम्बन गर्न, अण्डा राख्ने कागजको पुरानो क्रेट पुनः प्रयोगमा नल्याउन तथा ढुवानीको साधनलाई फार्म परिसरभित्र ल्याउनपर्ने भएमा पूर्ण निःसङ्क्रमण गरेर मात्र भित्र्याउन व्यवसायीलाई अनुरोध गर्नुभयो । काग लगायतका जङ्गली पन्छीसँग घरपालुवा पन्छी तथा पन्छीको दाना लसपस हुन नदिने गरी थुनेर पन्छीपालन गर्न सर्वसाधारणलाई सुझाव दिएको विभागले पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा भेटेरिनरी प्रमाणपत्र लिएर गर्न/गराउन निर्देशन दिएको छ । विभागले बर्डफ्लु सङ्क्रमण भएका काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे पलाञ्चोक, झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा करिब सात लाख पन्छी, करिब ११ लाख अण्डा र करिब तीन लाख किलो दाना नष्ट गरेको जनाएको छ ।

रोगलाई तत्काल नियन्त्रणका लागि विभागका उपमहानिर्देशक नेतृत्वमा रहने गरी बर्डफ्लु रोग नियन्त्रण कक्ष स्थापना गरी रोग देखापरेको क्षेत्रमा सङ्घ, प्रदेश तथा स्थानीय तहको समन्वय र सहकार्यमा आवश्यक जनशक्ति परिचालन गरी नियन्त्रण कार्य भइरहेको महानिर्देशक दाहालले जानकारी दिनुभयो ।

## पहिरोले अवरुद्ध भएका तीन मुख्य राजमार्ग सञ्चालने

काठमाडौं । केही दिनयता परेको वर्षाका कारण देशका विभिन्न स्थानमा अवरुद्ध भएका प्रमुख राजमार्गमध्ये तीन सडक सञ्चालनमा आएका छन् भने जाजरकोट-डोल्पा जोड्ने भेरी करिडोर अझै अवरुद्ध छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेका अनुसार असार १५ गते आएको पहिरोका कारण अवरुद्ध भएको अर्घाखाँचीको पाणिनी गाउँपालिका-२ स्थित सालझण्डी-ढोरपाटन सडक, असार १७ गते पहिरो खसेपछि बन्द भएको पाल्पाको तानसेन नगरपालिका-८ डुम्रे क्षेत्रको सिद्धार्थ राजमार्ग तथा असार १८ गते पहिरोले अवरुद्ध बनाएको चितवनको इच्छाकामना गाउँपालिका-६ स्थित मुग्लिन-नारायणगढ सडकखण्ड पुनः सञ्चालनमा आएका छन् । यसैगरी असार १७ गतेको अविरल वर्षासँगै अवरुद्ध भएको रुकुमपश्चिमको आठबिसकोट नगरपालिका-६ रिजेगाढ खोलास्थित जाजरकोट-डोल्पा जोड्ने भेरी करिडोर हालसम्म सञ्चालन हुन नसकेको प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिनुभयो । सडक खुलाउने प्रयास जारी रहेको प्रहरीले जनाएको छ ।

वर्षायाम सक्रिय भएसँगै देशका विभिन्न राजमार्गमा पहिरो खस्ने, सडक अवरुद्ध हुने तथा यात्रा जोखिमपूर्ण बन्ने क्रम बढेकाले पहिरो प्रभावित तथा सञ्चालनमा आएका सडकखण्डमा यात्रा गर्दा विशेष सतर्कता अपनाउन, मौसमको जानकारी नियमित रूपमा लिन तथा स्थानीय प्रशासन र सुरक्षा निकायको निर्देशन पालना गर्न प्रहरीले सबैमा अनुरोध गरेको छ ।

## ओखलेमा लिफ्ट प्रबिधिको खानेपानी योजना निर्माण

म्याग्दी । बेनी नगरपालिका-१० ओखलेमा 'लिफ्ट' प्रविधिको खानेपानी आयोजना निर्माण भएको छ । गण्डकी प्रदेश सरकारको बजेटबाट खानेपानी, जलस्रोत तथा सिँचाई डिभिजन कार्यालय म्याग्दीले फेदीको मुहानबाट तानेको पानीलाई डाडाँको टंकीमा पुऱ्याएर सबै घरमा वितरणको व्यवस्था मिलाएको हो ।

योजनाबाट ओखले टोलका ३८ घरपरिवार लाभान्वित भएका उपभोक्ता समितिका अध्यक्ष कृष्ण पौडेलले जानकारी दिनुभयो । "यसअघि टोलका सबै घरमा निजी धारा थिएनन्, माथिल्लो टोलमा पानीको समस्या थियो," उहाँले भन्नुभयो "खलखलेको मुहानको पानीलाई बस्तीको शिरानमा पुऱ्याएर सबै घरमा पाइपलाइन मार्फत पानी वितरण हुने व्यवस्था मिलाइएको छ।" ओखलेका ५५ मध्य तल्लो टोलका १७ घर परिवार बाहेकले सार्वजनिक धारा र मुहानबाट व्यक्तिगत खर्चमा पाइप ल्याई पलास्टीकको टंकीमा संकलन गरेर खानेपानी जोहो गर्दै आएका थिए । आयोजना मार्फत घरघरमा पाइपलाइन र मिटर जडान गरिएको हो । उपभोक्ताले आफु अनुकुलका धारा बनाएका छन् ।

मुहानमा १० घनमिटर क्षमताको संकलन र शिरानमा ३० घनमिटर क्षमताको पानी वितरण गर्ने टंकी निर्माण भएको छ ।

मुहानको टंकी देखि पानी वितरण गर्ने टंकीको दुरी एक सय २० मिटर रहेको छ । दुई सय ५० मिटर पाइपलाईनबाट फेदीको पानी बस्तिको टुप्पोमा लगिएको कार्यालयका सबइन्जिनियर धनेश शाहले बताउनुभयो । विद्युतीय उपकरणको सहायताले पानी तान्ने व्यवस्था मिलाइएको छ । उपभोक्ताको रु. चार लाख बराबरको श्रमदान सहित कुल रु. ३६ लाखको लागतमा योजना निर्माण भएको खानेपानी, जलस्रोत तथा सिँचाई डिभिजन कार्यालयका प्रमुख झलकमोहन ओझाले बताउनुभयो ।

"तीन वर्षअघि रु. ८० लाख लागत अनुमान गरेर निर्माण थालिएको आयोजनाको पाइप, पानी तान्ने उपकरण र फिटिङका सामान कार्यालयले खरिद गरेर उपलब्ध गराएको हो," उहाँले भन्नुभयो "उपभोक्ता समिति मार्फत काम गरेकाले अनुमानित भन्दा आधा कम बजेटमा योजना सम्पन्न भएको हो ।" सुरु भएको तेस्रो वर्षमा आयोजना सम्पन्न गरिएको कार्यालय प्रमुख ओझाले बताउनुभयो ।

## आर्थिक संकट समाधान गर्न अग्रसर हुनुपर्ने : एमाले

काठमाडौं । नेकपा (एमाले)ले वर्तमान सरकार मुलुकको आर्थिक सङ्कट समाधान गर्न अग्रसर हुनुपर्नेमा जोड दिएको छ ।

एमाले महासचिव शङ्कर पोखरेलले सरकारको १०० दिनः वाचा र यथार्थको समीक्षासहित जारी गर्नुभएको विज्ञप्तिमा मुलुकको आर्थिक सङ्कट समाधान गर्न र विधिको शासन कायम गर्न अग्रसर हुनुपर्नेमा जोड दिनुभएको छ ।

एमालेले संविधान संशोधनका विषयमा राजनीतिक दलसँग परामर्श समेत गर्नुपर्नेमा जोड दिनुभयो । संविधान कुनै सरकारको क्षणिक राजनीतिक सुविधा वा सत्ता-सन्तुलन मिलाउने साधन नभई जनताको ऐतिहासिक सङ्घर्ष, बलिदान र सार्वभौम जनादेशको दस्तावेज रहेकाले राजनीतिक दलसँगको सहमतिमा संविधान संशोधन गर्नुपर्ने उहाँको भनाइ थियो ।

एमालेले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रतिनिधिसभा निर्वाचनमा घोषणा गरेको वाचापत्रअनुसार सरकार सञ्चालन गर्नुपर्ने बताएको छ ।

## जनताको आकांक्षा पूरा हुनेगरी काम गर्न सञ्चारमन्त्री तिमिल्सिनाको निर्देशन

काठमाडौं । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सार्वजनिक संस्थानहरूले जनताको अपेक्षा र आकांक्षा पूरा हुनेगरी जिम्मेवारीपूर्वक काम गर्नुपर्ने बताउनुभएको छ । गोरखापत्र संस्थानका नवनियुक्त महाप्रबन्धक हिक्मतबहादुर रावल तथा सुरक्षण मुद्रण केन्द्रका नवनियुक्त कार्यकारी निर्देशक देवराज ढुङ्गानालाई शुक्रबार मन्त्रालयमा नियुक्तिपत्र प्रदान गर्नुहुँदै उहाँले संस्थागत सुशासन, पारदर्शिता र कानुनसम्मत कार्यसम्पादन गर्न निर्देशन दिनुभयो ।

उहाँले सरकारका अङ्गका रूपमा रहेका दुवै संस्था मुलुकका लागि अत्यन्त महत्त्वपूर्ण रहेको उल्लेख गर्नुहुँदै गोरखापत्र संस्थान ऐतिहासिक संस्था र सुरक्षण मुद्रण केन्द्र रणनीतिक महत्वको संस्था भएको बताउनुभयो । संस्थालाई व्यक्तिगत स्वार्थभन्दा माथि राखेर संरक्षण र विकास गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले कसैको आग्रह-पूर्वाग्रहबाट मुक्त भई विधि, विधान र कानुनअनुसार संस्था सञ्चालन गर्नसमेत निर्देशन दिनुभयो । त्यस्तै जागिर खाने मानसिकतामा सीमित नभई संस्थाको क्षमता अभिवृद्धि, सेवा विस्तार र दीर्घकालीन विकासमा केन्द्रित हुनुपर्नेमा उहाँको जोड थियो ।

मन्त्रालयले दुवै संस्थाको सुधार र सुदृढीकरणका लागि आवश्यक सहयोग एवम् सहकार्य गर्ने प्रतिबद्धतासमेत सञ्चारमन्त्री डा तिमिल्सिनाले व्यक्त गर्नुभयो । यसअघि २०८३ असार १८ गते बसेको मन्त्रिपरिषद् बैठकले गोरखापत्र संस्थानको महाप्रबन्धकमा कैलालीका रावललाई चार वर्षका लागि नियुक्त गर्ने निर्णय गरेको थियो । त्यस्तै, मोरङका ढुङ्गानालाई सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकमा बढीमा पाँच वर्षका लागि नियुक्त गरिएको छ । नवनियुक्त महाप्रबन्धक रावलले सरकारले लिएको सुशासन, विकास र प्रभावकारी सेवा प्रवाहको लक्ष्यलाई संस्थागत रूपमा कार्यान्वयन गर्दै गोरखापत्र संस्थानलाई समयानुकूल, व्यावसायिक र विश्वसनीय सञ्चार संस्थाका रूपमा थप सशक्त बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले संस्थाको गरिमा, विश्वसनीयता र पाठकमैत्री सेवामा विशेष ध्यान दिइने बताउनुभयो । त्यसैगरी, सुरक्षण मुद्रण केन्द्रका नवनियुक्त कार्यकारी निर्देशक ढुङ्गानाले विगतका वर्षहरूमा केन्द्रमा आर्थिक अनियमिततासम्बन्धी प्रश्न उठ्ने गरेको उल्लेख गर्नुभयो ।

## क्रिकेटका दीपेन्द्र र कबड्डीका मानमतीलाइ

सुदूरपश्चिम । 'सातौं एसपीए सुदूरपश्चिम स्पोर्टस् अवार्ड' अन्तर्गत पुरुषतर्फ नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान दीपेन्द्रसिंह ऐरी र महिलातर्फ कबड्डीकी मानमती विष्टलाई प्रदान गरिएको छ । नेपाल खेलकुद पत्रकार मञ्च कैलालीद्वारा शुक्रबार धनगढीमा आयोजित कार्यक्रममा दुवै जनालाई यस वर्षको उत्कृष्ट खेलाडी पुरस्कार प्रदान गरिएको हो ।

उहाँहरूले ट्राफिसहित जनही रु ३५ हजार प्राप्त गर्नुभएको छ । पुरुषतर्फ भारोत्तोलनका अशोक भण्डारी र राष्ट्रिय क्रिकेट टोलीका हेमन्त धामी, महिलातर्फ दृष्टिविहीन क्रिकेटकी पुनम चौधरी र फुटबलकी मीना देउवा मनोनयनमा पर्नुभएको थियो । 'वर्ष प्रशिक्षक'मा कबड्डीका विष्णुदत्त भट्ट, 'वर्ष युवा खेलाडी'मा एथलेटिक्सका विक्रम नाथ, 'सुदूरपश्चिम आइकन' पुरुषतर्फ भारोत्तोलनका भण्डारी र महिलातर्फ एथलेटिक्सका पूजा साउद पर्नुभएको छ । भट्टलाई रु ३० हजार, नाथलाई रु २५ हजार, भण्डारी र साउदलाई जनही रु २० हजारसहित पुरस्कार प्रदान गरिएको मञ्चका अध्यक्ष प्रदीप पाठकले जानकारी दिनुभयो । यसैगरी क्रिकेटका शेर मल्ललाई 'स्पेशल अवार्ड' र सुरेश हमाललाई लाइफटाइम एचिभमेन्ट अवार्ड (मरणोपरान्त) अवार्डसहित जनही रु २० हजार पुरस्कार प्रदान गरिएको उहाँले बताउनुभयो । अवार्डको मुख्य प्रवर्द्धक सुदूरपश्चिम प्रदेश खेलकुद परिषद् र मुख्य प्रायोजक सुदूरपश्चिमाञ्चल एकेडेमी (एसपीए) रहेका छन् ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com